JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत २९ गते आइतबार ❑ 11 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## नेपाल पत्रकार महासंघमा पोखेलको प्यानल विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

नेपाल पत्रकार महासंघको अध्यक्षमा विपुल पोखेल निर्वाचित हुनुभएको छ। शनिबार सम्पन्न मतगणनामा अध्यक्षका प्रत्यासी निर्मला शर्मालाई हराउँदै पोखेल निर्वाचित भएका छन्।

निर्वाचन समितिका सदस्यसचिव भक्ति घिमिरेका अनुसार पोखेलले छ हजार ९४२ मत ल्याई विजयी भएका हुन्। उनका निकटम प्रतिद्वन्द्वी शर्माले तीन हजार ९१५ मत प्राप्त गरेका छन्। अध्यक्षकै अर्का उम्मेदवार गजेन्द्रसिंह बुढाथोकीले ४९१ मत र रामप्रसाद दाहालले १५६ मत प्राप्त गरेका छन्। यही चैत २५ गते पहिलोपटक महासंघमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट मतदान गरिएको थियो। पोखेल प्यानलका अधिकांश उम्मेदवार विजयी भएका हुन्।



निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा रमेश विष्ट, महिला उपाध्यक्षमा बाला अधिकारी, समावेशी उपाध्यक्षमा उदय जिएम, महासचिवमा रोशन पुरी र कोषाध्यक्षमा कलेन्द्र सेजुवाल निर्वाचित भएका छन्।

यस्तै खुला सचिवमा गोविन्द चौलागाईं, सचिव (महिला)मा सिर्जना अर्याल, सचिव (आदिवासी जनजाति) नारायणसुन्दर किलम्बू, सचिव (मधेसी) दीपेन्द्र चौहान, सचिव (दलित)मा हेमकर्ण विक र सचिव (एशोसिएट)मा पवन आचार्य निर्वाचित भएका छन्। यस्तै लेखासमिति संयोजकमा लेखनाथ न्यौपाने निर्वाचित भएका छन्।

## संकटाले आहा रारामा इतिहास रच्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

क्याराभान गोल्ड कप सहित २० औं संस्करणको फुटवल प्रतियोगिता पोखरामा सम्पन्न हुदा पहिलो पटक आहा रारा गोल्ड कपको उपाधि हात पारेको काठमाण्डौंको संकटा क्लवले इतिहास रचेको छ।

पाहुना टोली अफ्रिकन रुट एशोसियसन, डाउला क्यामरुनलाई टाईब्रेकरमा ४–२ को गोल अन्तरले पराजित गर्दै आहा रारामा इतिहास रच्न सफल भएको हो। यस अघि ५ पटक सहभागि भएको संकटाले सेमिफाइनल भन्दा माथिको यात्रा तय गर्न सकेको थिएन्। पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा टाईब्रेकरको सहायताबाट संकटाले पाहुना टोली अफ्रिकन रुटलाई पराजित गर्दै आहा रारामा नयाँ इतिहास रच्दै उपाधिको साथमा नगद १० लाख १ हजार सहित मेडल प्रमाण पत्र प्राप्त गरेको छ। शनिबार करिब १० हजार दर्शक माझ भएको खेलमा संकटाले ९० मिनेटको निर्धारित समयमा दुबै तर्फ एक/एक गोलले बराबरी ३० मिनेटको अतिरित्त समयमा समेत दुबै तर्फ गोल नभए पछि खेल निर्णायकको लागि टाईब्रेकरमा




पुगेको थियो। उपविजेता भएको पाहुना टोली अफ्रिकन रुटले भने ट्रफीको साथमा नगद ५ लाख १ हजार पुरस्कार प्राप्त गर्‍यो।

अफ्रिकन रुट एशोसियसनको तर्फबाट टाईब्रेकरमा कुती र एम वाकोपले गोल गर्न चुके। संकटाको जितमा भने टाईब्रेकरमा अमित तामाङ, सुवास गुरुङ, निराज बस्नेत र आयुस घलानले गोल गरे। संकटाका सरोज दहालले प्रहार गरेको वल विपक्षि गोलरक्षक हेल्भियोले बचाउ गरे। अफ्रिकन रुट एशोसियसनका एनीक र रिमले टाईब्रेकरमा गोल गरेका हुन। संकटाले आहा रारामा पहिलो पटक फाइनलमा पुगेर उक्त उपाधि जितेको यो पहिलो संस्करण हो। खेलको १० औं मिनेटमा अफ्रिकन रुट एशोसियसनका बसिकले गोल गरेका थिए भने दोश्रो हापको ५ औं मिनेटमा संकटाका ग्लोरीले गोल गरी खेल बराबरीमा पुराएका हुन्। प्रतियोगितामा संकटाका गोलरक्षक राजाबाबु थापा उत्कृष्ट खेलाडी घोषित भएका छन्। फाइनल खेलमा म्यान अफ दी म्याच र प्रतियोगितामा उत्कृष्ट गोलरक्षको उपाधि समेत आफ्नो पोल्टामा पार्न सफल भएका थापाले उत्कृष्ट खेलाडीको उपाधिको साथमा एक थान स्कुटर समेत प्राप्त गरेका हुन्। प्रतियोगितामा उत्कृष्ट मिड फिल्डरमा अफ्रिकन रुटका रिम, उत्कृष्ट स्टाइकरमा अफ्रिकन रुटका बसिक, उत्कृष्ट डिफेण्डरमा संकटाका निरज बस्नेत र उत्कृष्ट प्रशिक्षकमा अफ्रिकन रुटका प्रशिक्षक स्यालवियो घोषित भए। उनीहरुलाई सुर्यबहादुर के. सी. को स्मृतिमा अवार्डको साथमा जनही नगद २५ हजार समेत प्रदान गरिएको क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए। प्रतियोगितामा सर्वाधिक गोलकर्ता तर्फ चार जनाले उपाधि सहित २५ हजार रुपैया बाडेका छन्। सर्वाधिक खेलाडीको रुपमा अफ्रिकनका बसेक र मौसा, नेपाल पुलिस क्लबका बुद्द बल तामाङ र संकटाका ग्लोरीले प्राप्त गरे। ८ प्रतियोगिहरु मध्य अनुसासित टोली भने विभागिय टोली नेपाल पुलिस क्लबले प्राप्त गर्‍यो। विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, हिमश्री फुड्स प्रालिका निर्देशक प्रकाश केसी, किरण केसी र रोशन केसी, क्लवका अध्यक्ष केशव बहादुर थापा लगायतले पुरस्कार वितरण गरेका थिए। ७ दिन संचालन भएको प्रतियोगितामा पहुना टोली अफ्रिकन रुट एशोसियसन सहित ८ टिमको सहभागिता रहेको थियो। कोरोनाबाट बच्न बचाउन आवश्यक मापदण्डका कुरा फाइनल खेलमा खासै ख्यान भने नगरेको देखियो।

## 'व्यास पराशर क्षेत्रले पर्यटनमा ठूलो योगदान दिन सक्छ'

**पोखरापत्र संवाददाता**
**दमौली, २८ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले व्यास पराशर क्षेत्रले नेपालको पर्यटनमा महत्वपूर्ण योगदान दिनसक्ने बताएका छन्।

तनहुँको व्यास नगरपालिका-३ र ५ जोड्ने मादी नदीमाथि निर्माण गरिएको झोलुङ्गे पुलको सौन्दर्य अभिवृद्धि गर्ने सन्दर्भमा शनिबार व्यास नगरपालिकामा आयोजित छलफल कार्यक्रममा उहाँले व्यास पराशर क्षेत्रलाई हिन्दूहरूको पवित्र धार्मिकस्थल बनाउन थालिएको प्रयास सराहनीय रहेको बताए।

वेदव्यासको जन्मभूमि दमौलीलाई विश्वमाझ परिचित गराउन विगतदेखि नै प्रयास हुँदै आएको बताउँदै पौडेलले भने, "व्यास र पराशर क्षेत्रलाई जोड्ने



झोलुङ्गे पुलको सौन्दर्य अभिवृद्धि गरी यस क्षेत्रको धार्मिक पर्यटन वृद्धि गर्न थालिएको प्रयास सकारात्मक छ, छिटोभन्दा छिटो यो कामलाई सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्छ।" व्यास-५ मानुङकोट पनि विकासका क्रममा अगाडि बढिसकेको र व्यास पराशर क्षेत्रलाई पनि विकास गर्न सकिए सुनमा सुगन्ध हुने वरिष्ठ नेता पौडेलको भनाइ थियो। नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले व्यास क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने प्रयास शुरु भएको बताए। व्यास-३ र ५ जोड्ने मादी नदीमाथि निर्माण भएको पुललाई व्यास झुलाका रूपमा विकास गर्न खोजिएको छ। पुलको सौन्दर्य अभिवृद्धिका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ। डिपिआरअनुसार पुलको सौन्दर्य अभिवृद्धि लागि रु ५९ लाख ७२ हजार ३९ बजेट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुणस्तरीय शिक्षाको लागि शिक्षकको भूमिका महत्वपूर्ण–मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुव्वा गुरुङले मुलुकमा गुणस्तरीय शिक्षाका लागि शिक्षक वर्गको भूमिका महत्वपूर्ण हुने बताउनु भएको छ।

नेपाल राष्ट्रिय शिक्षक संङगठन कास्कीद्धारा आयोजित ४२ औं शिक्षक दिवस तथा संङगठनको १३ औं जिल्ला अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले राज्यका हरेक परिवर्तनमा शिक्षक वर्गले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। शिक्षकहरुले पेशागत जिम्मेवारी



र मर्यादालाई आत्मसात गर्नुपर्ने उल्लेख गर्दै उहाँले समाजमा एउटा आदर्शका रुपमा आफुलाई स्थापित गर्नुपर्ने आवश्यकता औल्याउनुभयो। "पछिल्लो समय सामुदायिक विद्यालयको शैक्षिक अवस्थामा सुधार आउन थालेपछि सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक अन्तरमा कमी भएको संकेत देखिएकको छ" उहाँले भन्नुभयो, "सरकारलाई शैक्षिक क्षेत्रको सुधारका लागि बौद्धिक क्षेत्रबाट निरन्तर सहयोग तथा सल्लाह हुनु पर्दछ।"

मुलुकको समृद्धिका लागि शिक्षा क्षेत्रको विकास अपरिहार्य भएको बताउँदै उहाँले त्यसका लागि तीनै तहका सरकार कटिवद्ध भएर अघि बढेको जानकारी दिनुभयो। नेकपा (एमाले) गण्डकी प्रदेश इन्चार्ज समेत रहनु भएका मुख्यमन्त्री गुरुङले पार्टीमा व्यक्ति होइन विधि, सिद्धान्त र पद्धति प्रमुख हुने विश्वास व्यक्त गर्दै वर्तमानमा देखिएको चुनौतिका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बालविकास केन्द्र भवन शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटनस्थित बाराहीटोलमा ११ लाख रुपैयाको लागतमा नमुना बालविकास केन्द्र भवन निर्माण गरिने भएको छ।

कक्षा, भान्छा, शौचालय सहित चार कोठाको सो ट्रष्ट भवन निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु. १० लाख र एक लाख बराबरको स्थानीय जनश्रम परिचालन गरि निर्माण गरिने भएको हो। गण्डकी प्रदेश सभा सदस्य एवम् नेकपा (एमाले) कास्कीका अध्यक्ष कृष्ण बहादुर थापाले नवनिर्मित भवनको शनिबार शिलान्यास गर्दै बालबिकास केन्द्रले विपन्न तथा असहाय बालबालिकाको शिक्षामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो।

शिक्षाको पहिलो खुड्



किलाको रुपमा रहेका बालविकास केन्द्रको भौतिक निर्माण र विकासका लागि तीनै तहका सरकार जिम्मेवार भएर अघि बढेको बताउँदै उहाँले यस्ता केन्द्रहरु सामुदायिक विद्यालयका विद्यार्थीको श्रोत भएको बताउनुभयो। पोखरा १७ का वडा अध्यक्ष तिर्थराज अधिकारीले समाजका गरिव विपन्न परिवारको शिक्षा, स्वास्थ्य, खानेपानी र सडक लगायतका पूर्वाधार विकास वडाको पहिलो प्राथमिकतामा रहेको उल्लेख गर्नुभयो।

बाराही टोल विकास संस्थाका अध्यक्ष जीवन विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य राधिका शाही योगी, नेकपा(एमाले) का वडाअध्यक्ष सुभाष ढुङ्गाना,कोनेसाका उपाध्यक्ष सिता परियार, भिब बहादुर रोकाहा लगायतले बालविकास केन्द्रको महत्व माथि प्रकाश पार्नुभएको थियो।

दिवा खाजा सहित शैक्षिक तथा मनोरञ्जनका सामग्रीको व्यवस्था गरिएको सो केन्द्रमा हाल २६ जना विद्यार्थी अध्ययनरत छन भने सो केन्द्रबाट अहिलेसम्म ३६ जना विद्यार्थी थप शिक्षाका लागि छोरेपाटन माध्यामिक विद्यालयमा भर्ना भई विभिन्न तहका कक्षामा पठन पाठन गर्दै आएको स्थानीय विरेन्द्र राईले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# वाइन किङ्ग उमन्स प्रो ३५ फ्रेण्डशिप क्रिकेट सिरिज हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

पोखरा क्रिकेट क्लवको आयोजनामा पोखरामा वाइन किङ्ग उमन्स प्रो ३५ फ्रेण्डशिप क्रिकेट सिरिज २०२१ हुने भएको छ।




आयोजक क्लवद्वारा शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा आगामी बैशाख ३ र ४ गते पोखरा क्रिकेट रंगशालामा उक्त प्रतियोगिता हुने जानकारी दिइयो। ३५ ओभरको प्रतियोगितामा काठमाण्डौको एक र पोखराको एक टिम गरि दुई टिमको सहसभागिता रहने प्रतियोगिता संयोजक गोविन्दप्रधानले जानकारी दिए । सोही समारोहमाा मदिरा व्यवसायी समितिका अध्यक्ष डिल्लीराम पनेरुले प्रतियोगिताको मुख्य ट्रफि सार्वजनिक गरे । पोखराको तर्फबाट पोखरा क्रिकेट क्लव र काठमाण्डौको अल्फा एकेडेमी बिच हुने प्रतियोगितामा विजयी हुने टिमले ट्रफि सहित प्रमाण पत्र पुरस्कार प्राप्त गर्नेछ भने उपविजेतालाई प्रमाणपत्र प्रदान गरिने छ । त्यसैगरि दुई खेलमा म्यान अफ द म्याच र सर्वोत्कृष्ट खेलाडीलाई पनि पुरस्कृत गरिने पनि सो अवसरमा जानकारी दिइयो । पत्रकार सम्मेलनमा बोल्दै आयोजक पोखरा क्रिकेट क्लवका अध्यक्ष निकेश श्रेष्ठले प्रतियोगिताबाटपोखरामाक्रिकेटतर्फ आकर्षित महिला खेलाडीहरुलाई थप उर्जा प्राप्त हुने विश्वास लिएको बताए । पोखरा क्रिकेट क्लवले महिला खेलाडीहरुका लागि प्रतियोगितात्मक रुपमा शुरुवात गरेको भएपनि आगामी दिनहरुमा अन्य कार्यक्रम तथा प्रतियोगिताहरु आयोजना गरिने पनि उनले बताए।

प्रतियोगितामा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्रिकेटको अनुभव बटुलिसकेका खेलाडीहरुको सहभागिता रहने क्लवका उपाध्यक्ष उत्सव शाक्यले बताए।

क्लवका सदस्य कपिलदेव गौतमले सञ्चालन गरेको कार्यक्रममा नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एकराज गिरी, क्लवका संस्थापक देवी प्रसाद गुरुङ्ग, क्लवका द्वितिय उपाध्यक्ष चन्द्र गुरुङ्ग जिम्मी, पूर्व खेलाडी ऋषिकेश शर्मा पौडेल लगायतले आ-आफ्नों भनाई राखेका थिए।

प्रतियोगिताको मुख्य प्रायोजक वाइन किङ्ग प्रालिका प्रोपाइटर मंगल शेरचन र बिरेन्द्र पुनले प्रतियोगितासंग जोडिन पाएकोमा खुसि व्यक्त गर्दै क्रिकेट विकासका लागि प्रालिले आगामी दिनहरुमा पनि सहयोग गर्दै जाने बताए।

# घरबास प्रवर्द्धनमा महिला पर्यटन व्यवसायी मञ्च

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

आन्तरिक पर्यटक मार्फत् ग्रामिण पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य सहित पोखराका महिला पर्यटन व्यवसायीले मोदी गाउँपालिका वडा नं १ झिल्ली बरेङमा पुगेर त्यहाँको प्राकृतिक र सांस्कृतिक पहिचानको विषयमा जानकारी लिएका छन् ।



कोभिड १९ पछि घरवास व्यवसायमा अवसर र चुनौती विषयक अन्तक्रिया कार्यक्रम मार्फत व्यवसायी महिलाले सो ठाउँको बारेमा जानकारी लिएका हुन् । उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पौडेलले कोभिड १९ का कारण सुस्ताएको पर्यटनलाई गति दिन ग्रामिण पर्यटनमा जोड दिएर प्रचार प्रसार गर्नुपर्ने बताउनुभयो । उहाँले कोभिड-१९ का कारण धेरै मानिसले शान्त र प्राकृतिक स्थलको खोजी गरेको जनाउँदै बरेङको होमस्टेमा महिला पर्यटन व्यवसायीको पहिलो आगमन भएको उहाँको भनाइ थियो। उहाँका अनुसार बरेङ अन्नपूर्ण हिमश्रृखंला, लालिगुराँस, भिर मौरी लगायत गुरुङ, मगरबस्तीको सांस्कृतिक पहिचान रहेको सुन्दर गाउँ हो । गाउँपालिकामा २० वटा होमस्टे भएपनि हाल १२ वटा सञ्चालनमा छन् । पोखराबाट १० किलोमिटरमा उक्त गाउँपालिकाको सिमाना जोडिएको छ । उक्त गाउँपालिका वडा नं १ का वडा अध्यक्ष गौप्रसाद गुरुङले प्राकृतिक सुन्दरतासँगै समुदायको आतिथ्यताले भिल्ली बरेङ आउने पाहुनालाई लोभ्याउने बताउनुभयो । उहाँले कोभिड १९ का कारण आन्तरिक पर्यटकको आगमन कम हुँदै गएको बताउनुभयो । वडा सदस्य भुलबहादुर पौडेले गण्डकी प्रदेश सरकारले घरबास कार्यक्रमलाई प्राथमिकता दिएको जनाउँदै यसले ग्रामिण पर्यटनलाई प्रर्वद्धन गर्दै लगेका धारणा राख्नुभयो । उहाँले लेकसाइडका महिला पर्यटन व्यवसायीको उपस्थितीले यस क्षेत्रलाई थप चिनाउने विश्वास समेत व्यक्त गर्नुभयो । उक्त घरबासका अध्यक्ष गर्बी गुरुङले पहिलो चरणमा महिला व्यवसायीलाइ स्वागत गर्न पाउँदा खुशी लागेको बताउनुभयो । उहाँले प्रारम्भिक चरणमा रहेकाले आवश्यक सल्लाह सुझाव दिन समेत आग्रह गनुभयो।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ)का संस्थापक अध्यक्ष जमुना पराजुलीले कोभिड १९ पछि आन्तरिक पर्यटकको चहलपहल बढ्दै गएको जनाउँदै यस्ता कार्यक्रमले ग्रामिण पर्यटनमा प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो। संस्थाका अध्यक्ष पार्वती पाण्डेले कोभिड १९ चुनौतीका बीच पनि अवसरको खोजी गर्दै पर्यटकीय गन्तब्यको प्रचार प्रसारमा सबै जुट्नु पर्ने धारणा राख्नुभयो ।

सो कार्यक्रममा संस्थाका सल्लाहकार दुर्गा ढकाल, देवका पहारी, पम्फा पहारी कार्यक्रम संयोजक रीता रेग्मी लगायतका सहभागी सदस्यहरुले अवसरसँगै देखिएका चुनौतीका विषयमा आआफ्नो अनुभवहरु राख्नुभएको थियो । कोभिड १९ ले शान्त र प्राकृतिक स्थलको खोजी, साहसिक पदयात्रा प्रति पर्यटकको रुचीले ग्रामिण पर्यटन प्रवर्द्धन हुँदै गएको उहाँहरुको भनाइ थियो । त्यसैगरी कोभिड बढ्दै गएको अवस्थामा स्वास्थ्य मापदण्ड पालना नहुँदा थप समस्या सृजना हुन सक्ने तर्फ पनि छलफल गरिएको थियो ।

नेपाल पर्यटन बोर्ड आन्तरिक पर्यटन पुनरुत्थान समिति गण्डकीको प्रवर्द्धनमा आयोजना गरीएको उक्त घरबास कार्यक्रममा संस्थाका कार्यसमिति लगायत २४ जनाको सहभागिता रहेको सचिव ममता न्यौपानेले जानकारी दिनुभयो। सो अवसरमा संस्थाका मिडिया सल्लाहकार जमुना वर्षा शर्मालाई नेपाल पत्रकार महासंघका कास्कीको निर्वाचनबाट उपाध्यक्षमा निर्वाचित हुन सफल भएकोमाै सम्मान गरिएको थियो ।

# नेपाल परिवार नियोजन संघ कास्कीको ४० औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

नेपाल परिवार नियोजन संघ कास्कीको ४० औं वार्षिक साधारण सभा शनिवार सम्पन्न भयो।




साधारण सभाले सचिव निशा भण्डारीको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष राजेश अधिकारीको आर्थिक प्रतिवेदन पारित गरेको छ।

नेपाल परिवार नियोजन संघ केन्द्रीय अध्यक्ष हिमालयलाल कसजुले कार्यक्रमको उद्घाटन गर्दै समय अनुसार सेवाको रुप परिवर्तन गर्दै जानुपर्ने बताए। उनले प्रजनन् स्वास्थ्यको क्षेत्रमा संघले २० प्रतिशत योगदान गरेको चर्चा गरे। नेपाल उद्योग वाणिज्य महासंघको पूर्व अध्यक्ष आनन्दराज मुल्मीले राज्यले शिक्षा र स्वास्थ्यलाइ कम प्राथमिकतामा राखेको भन्दै चिन्ता व्यक्त गरे । कार्यक्रममा नेपाल परिवार नियोजन संघका केन्द्रीय सदस्य ज्योति श्रेष्ठ, गण्डकी प्रदेश संयोजक उमेशराज पराजुली, पूर्व अध्यक्ष महेशरत्न शाक्य, संस्थापक सचिव डा.सोमतसिंह तुलाचन लगायतले वोलेका थिए । नेपाल परिवार नियोजन संघ कास्कीका अध्यक्ष निरञ्जन श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति नविन सिग्देलले स्वागत र सचिव निशा भण्डारीले संचालन गरेकी थिइन।

# अन्नपूर्ण गाउँपालिकामा विवेकशील साझा पार्टीको समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

विवेकशील साझा पार्टी कास्कीले अन्नपूर्ण गाउँपालिकामा पशुपति दाहालको संयोजकत्वमा १३ सदस्यीय गाउँपालिका समिति गठन गरेको छ।



गाउँपालिका समितिको सह-संयोजकमा सुरेन्द्रबहादुर कुँवर रहेका छन् भने सदस्यहरूमा नेत्र अधिकारी, कृष्णप्रसाद दाहाल, कृष्ण अधिकारी, नारायणप्रसाद भण्डारी, अमृत पौडेल, बालकृष्ण अधिकारी, दीपकराज अधिकारी, निर्मल कुँवर, सरोज तिवारी, गणेशबहादुर नेपाली, शिवप्रसाद भण्डारी रहेका छन् । सो भेलालाई सम्बोधन गर्दै विवेकशील साझा पार्टीका सचिवालय सदस्य तथा गण्डकी प्रदेश संयोजक महेश भण्डारीले विवेकशील साझा पार्टी शहररनगरमामात्रैहोइन,गाउँ-गाउँमा फैँलदै गरेको बताए । प्रतिबद्धता मन्तव्य राख्दै सो कार्यक्रममा नवघोषित संयोजक पशुपति दाहालले अन्नपूर्ण गाउँपालिकाका ११ वटै वडामा अब चाँडै नै कमिटी गठन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशकी सहसंयोजक जमुना शर्मा, केन्द्रीय सदस्य रजनी केसी, केन्द्रीय सदस्य रजनी केसी अधिकारी, केन्द्रीय सदस्य तथा विवेकशील साझा युवा संगठनका महासचिव सरोज गौतम, कास्की जिल्ला संयोजक फणिन्द्र अधिकारी, जिल्ला सहसंयोजक जयन्ती मोक्तान, पोखरा महानगर संयोजक अजय श्रेष्ठ, कास्की जिल्ला सदस्य सोमनाथ ढुंगाना लगायतका नेताहरूले शुभकामना तथा बधाइ सन्देश राखेका थिए।

यसअघि पार्टीले गण्डकी प्रदेशका आधा दर्जनभन्दा बढी जिल्लामा समायोजन तथा बिस्तार गरेको थियो। पोखरा महानगरका बाँकी सबै वडामा समिति गठन गर्ने तयारीमा रहेको विवेकशील साझा पार्टी पोखरा महानगरका संयोजक अजय श्रेष्ठले जानकारी दिए।

# स्वास्थ्य सतर्कता अपनाउन सिसिएमसीको आग्रह

**रासस**
**काठमाडौं, २८ चैत**

कोरोनाको दोस्रो लहर फैलन सक्ने भन्दै आवश्यक सतर्कता अपनाउन कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)ले आग्रह गरेको छ।

सिसिएमसीको आजको बैठकले पछिल्लो समय कोभिड सङ्क्रमणको मात्रा बढेको र नयाँ स्वरूपको भाइरस देखिन थालेको भन्दै आवश्यक सतर्कता जरुरी रहेको निष्कर्ष निकालेको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव खगराज बरालका अनुसार बैठकमा पछिल्लो सङ्क्रमणको स्थिति तथा तयारीको विषयमा छलफल गरिएको र आमरूपमा सतर्कता अपनाउन अपिल गर्ने निर्णय भएको छ।

यस्तै जिल्लास्थित कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रलाई थप सक्रिय बनाउने, सीमा नाकामा रहेका स्वास्थ्य डेस्कलाई थप प्रभावकारी बनाउने, एन्टिजेन परीक्षण बढाइने भएको छ । कोरोनाको लक्षण देखापरेका बिरामीलाई अस्पताल भर्ना गर्ने र लक्षण नदेखिएकालाई क्वारेन्टिनमा राखिनेछ।

## गुणस्तरीय...

लागि बाम बुद्धिजीवी संगठीत भएर लाग्नु पर्नेमा जोड दिनुभयो।

पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले संविधानको मर्म र भावना अनुरुप शिक्षा क्षेत्रको गुणस्तर र विकासका लागि प्रदेश र स्थानीय तह मातहतमा हुनु पर्नेमा जोड दिँदै महानगरपालिका भित्र रहेका शिक्षकको तलबमा मात्र बार्षिक एक अर्व २५ करोड खर्च हुने गरेको जानकारी दिनुभयो।

नेपाल राष्ट्रिय शिक्षक संङगठन कास्कीका अध्यक्ष रोमहर्षण पौडेलका अनुसार संगठनले शिक्षक वर्गको हक अधिकारको सुनिश्चित गर्दै रक्तदान, बक्तृत्वकला प्रतियोगिता, घुम्ती बैठक जस्ता कार्य गर्दै आएको जानकारी दिँदै दरबन्दी मिलान,स्थानीय महासंग गठन,बेजिल्ला सरुवा चुनौतिपूर्ण रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा संगठनको मुखपत्र शिक्षक आवाज भाग ४ को विमोचन, विपन्न, असहाय तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुका साथै संगठनको विकासमा उल्लेखनीय योगदान पुर्‍याउनु हुने महानुभाव, अक्षयकोषदातालाई सम्मान गरिएको थियो । सो अवसरमा विभिन्न विद्यालयका विद्यार्थीद्धारा नृत्य प्रस्तुत गरिएको थियो।

## व्यास...

आवश्यक पर्ने परामर्शदाता सुरेन्द्र पाण्डेले जानकारी दिए । उनका अनुसार पुलमा बत्ती जडान गरी आकर्षक बनाउन खोजिएको छ । “पुलमा जडान गरिने बत्तीले यो क्षेत्र धेरै पर्यटकको रोजाइमा पर्नसक्छ”, पाण्डेले भन्नुभयो । पुलमा बत्ती जडानका लागि मात्रै रु २० लाख १६ हजार ३१६ बजेट आवश्यक पर्ने देखिएको छ। व्यास झुलाको दुवैतर्फको प्रवेशद्वार पनि आकर्षक बनाइनेछ । प्रवेशद्वार डुङ्गा आकारको बनाइनेछ जहाँ पराशर र सत्यवतीको आकृतिसमेत झल्काइनेछ। “व्यासका पिता पराशर र सत्यवतीको मिलन मादी तर्दा डुङ्गामा भएकाले प्रवेशद्वार डुङ्गा आकारमा बनाउन लागिएको छ”, उनले बताए।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# निर्णय लाद्ने काम नगर

कोभिड-१९ को दोस्रो लहर संकटपूर्ण बन्दै गएपछि कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)को बैठकले जनस्वास्थ्यसम्बन्धी 'प्रोटोकल' पूर्ण रूपमा पालना गराउने निर्णय गरेको छ । नयाँ वर्ष मनाउन भारतबाट नेपाल आउनेको संख्या बढेसंगै कोरोना संक्रमितको संख्या बढ्दै गएको छ । चाडपर्व मनाउने निहुँमा भिडभाड बढेको छ । भिडभाड बढेको बेला संक्रमणको जोखिम धेरै हुने गरेको अनुभव सबैले गरेका छन् । हरेक कुरालाई गम्भीरतापूर्वक नलिने नेपालीको बानी परेको छ । छिमेकी देश भारतमा कोरोना संक्रमितको संख्या ह्वात्तै बढेपछि नेपालमा पनि असर पर्न थालेको छ। जनस्वास्थ्यविद्हरुले सचेत बन्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

कोभिडको पछिल्लो भेरियन्ट निकै चुनौतीपूर्ण बन्दै गएको भन्दै स्कुल, कलेजलगायत भिडभाड हुने स्थानहरूमा सावधानी अपनाउन तथा आवश्यक निर्णय जिल्ला संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी)लाई नै दिने सिसिएमसीले निर्णय गरेको छ। विश्वव्यापी रूपमा कोभिडको नयाँ भेरियन्ट देखापरेपछि सिसिएमसीको शनिबार बैठक बसेर केही निर्णय लिएको छ । सुरक्षा, सावधानी अपनाउन जनचेतनामूलक कार्यहरू जस्तै, एसएमएस, सार्वजनिक सूचना आदि गर्ने, जनस्वास्थ्य प्रोटोकलको पालना भए नभएको निगरानी गर्ने अनुगमन गर्नेलगायका निर्णयहरू गरिएको छ । कोभिड-१९ नियन्त्रणमा आइनसकेको हुँदा स्वास्थ्य मन्त्रालयले बनाएको मापदण्ड पालना गर्न छाडेपछि फेरि पहिलेकै कुरा सम्झाउनु पर्ने अवस्था आएको छ।

तत्काल‌ै शैक्षिक क्षेत्रलगायत भिडभाड हुने स्थानहरू बन्द गर्ने संकट व्यवस्थापन केन्द्रको योजना नरहेको भए पनि कोभिडको कहर चुनौतीपूर्ण बन्दै गएकाले जिल्ला संकट व्यवस्थापनले नै निर्णय लिने अधिकार दिइएको छ। पहिलेको जस्तो सबै निर्णय केन्द्रले लिने काम गर्नु उचित हुँदैन । परिस्थिति हेरेर जिल्ला संकट व्यवस्थापन केन्द्रले नै निर्णय लिने अधिकार दिनु जायज हो । केही दिनअघि काठमाडौंको जिल्ला संकट व्यवस्थापन केन्द्रले उपत्यका छिर्ने नाकामा कडाइ गर्ने निर्णय गरेको थियो । उपत्यका प्रवेश गर्ने सबै नाकामा हेल्थ डेस्क राखेर एन्टिजेन परीक्षण गर्ने निर्णय गरिएको थियो । त्यसका लागि आवश्यक पर्ने किट स्वास्थ्य मन्त्रालयले उपलब्ध गराउने र सम्बन्धित नगरपालिकाको सहयोगमा हेल्थ डेस्क राख्ने निर्णय गरिएको थियो । त्यस्तै, खोपलाई अहिले लक्षित गरिएका समूहसम्म प्रभावकारी रूपमा पुर्‍याउने, आवश्यक सतर्कता अपनाउन देशैभर 'सर्कुलर' गर्ने, अन्तर्राष्ट्रिय नाकाहरूमा विशेष सावधानी अपाउने निर्णय सिसिएमसीले गरेछ। कोरोना संक्रमण बढ्दै गए शैक्षिक संस्था बन्द हुने हो कि भन्ने आशंका ब्याप्त छ। सरकारले जिल्लाको अवस्था नबुझी निर्णय लाद्ने गल्ती गर्नुहुँदैन ।

# नेपालमा गैँडाको संख्या ७५२

**रासस**
**नवलपुर, २८ चैत**

नेपालमा पछिल्लो पाँच वर्षको अवधिमा गैँडाको सङ्ख्यामा वृद्धि भएको छ । पछिल्लो पाँच वर्षमा नेपालमा १०७ गैँडा बढेको तथ्याङ्कले देखाएको छ । राष्ट्रिय गैँडा गणना, २०७७ को नतिजा सार्वजनिक गर्दै वन मन्त्रालयका सचिव डा विश्वनाथ ओलीले नेपालमा गैँडाको सङ्ख्या ७५२ पुगेको जानकारी दिनुभयो । यसअघि सन् २०१५ मा भएको गणनाअनुसार नेपालमा ६४५ गैँडा थिए ।

शुक्रबार सकिएको गणनाअनुसार सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ६९४ वटा गैँडा भेटिएका छन् । यो सङ्ख्या सन् २०१५ मा ६०५ मात्रै थियो । पर्सा राष्ट्रिय निकुञ्जबाहेक अन्य तीन राष्ट्रिय निकुञ्जमा गैँडाको सङ्ख्यामा वृद्धि भएको ओलीले बताउनुभयो । ओलीका अनुसार चितवनपछि सबैभन्दा बढी बर्दिया राष्ट्रिय निकुञ्जमा ३८ गैँडा भेटिएको छ ।

त्यस्तै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा १७ गैँडा भेटिएको ओलीले बताउनुभयो । पर्सा राष्ट्रिय निकुञ्जमा भने तीन मात्रै गैँडा फेला परेको ओलीले बताउनुभयो। अघिल्लो गणनामा पर्सामा चार वटा गैँडा पाइएको थियो । राष्ट्रिय गैँडा गणनाअनुसार नेपालमा १४६ भाले र १९८ पोथी भेटिएको उल्लेख गर्दै बाँकी ४०८ गैँडाको लिङ्ग पहिचान हुन सकेको छैन ।

पाँच सय २० वयस्क गैँडा भेटिँदा ९६ अर्धवयस्क र १३६ बच्चा गैँडा भेटिएको ओलीले जानकारी दिनुभयो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा दीपक खरालले चैत ९ गतेदेखि शुरु गरिएको गणना चैत २७ गते रातिमात्रै सकिएको बताउनुभयो । गणना सकिएपछि शुक्रबार र शनिबार तथ्याङ्क सङ्कलन तथा प्रविष्ट गर्ने काम भएको उहाँको भनाइ छ ।

चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गरी गैँडा गणनामा २३ दिन लागेको भन्दै खरालले गणनामा २५० गणक तथा ४३ हात्ती प्रयोग भएको जानकारी दिनुभयो ।

गैँडा गणनाकै क्रममा ध्रुवे हात्तीले आक्रमण गर्दा सात जना घाइते भएको तथा एक जना गम्भीर घाइतेको काठमाडौँमा उपचार हुँदै गरेको उहाँले बताउनुभयो ।

हात्तीले आक्रमण गरेपछि एक दिन र होलीको दिनमा गैँडा गणना हुन नसकेको भन्दै खरालले अन्य दिन बिहान ५ बजेदेखि राति अबेरसम्म गणना गरिएको जानकारी दिनुभयो । पर्सा र चितवनलाई १९ ब्लकमा विभाजन गरेर गैँडा गणना गरिएको थियो ।

# महिला उद्यमी संघ कास्कीको 'आर्थीक रुपान्तरणमा महिला' विषयक तालीम

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**



महिला उद्यामी संघ नेपाल कास्कीको आयोजनामा 'आर्थीक रुपान्तरणमा महिला' विषयक तालिम शनिबार सम्पन्न भएको छ।

उद्यमी महिलाहरुको अग्रहणी संस्था महिला उद्यमी संघ नेपाल कास्कीको आयोजनामा कास्कीका उद्यमी महिलाहरुका लागि आर्थीक रुपान्तरणमा महिला विषयक तालीम सम्पन्न भएको हो । महिलाहरुले आफ्नो व्यक्तिगत ब्राण्डलाई कसरी विकास गर्ने, नेतृत्व क्षमतामा कसरी अगाडि बढ्ने र आर्थीक रुपमा अझ सशक्त हुनुपर्ने कुरामा प्रशिक्षकले जोड दिनु भएको थियो ।

आफू को हो पहिचान गर्ने, आफू भित्र भएका क्षमताहरुलाई बाहिर निकाल्ने र वास्तविक खुबी अनुसारको पेशा, व्यवसाय वा उद्यममा लाग्नुपर्ने विषयमा सुसूचित गर्दै संचालन भएको उक्त तालिममा प्रशिक्षार्थीहरु निकै उत्साहित र संवेदनशिल बनेका थिए । विभिन्न किसिमका खेलहरु खेलाउदै रमाइलो वातावरणमा विषयवस्तु केन्द्रीत उदाहरण सहित तालीम अगाडि बढेको थियो ।

अहिलेसम्म कैयौ तालीममा सहभागी भएतापनि यस्तो उपलब्धी मुलक तालीम पहिलो पटक भएको प्रशिक्षार्थीले बताएका थिए । तालिममा प्रशिक्षक उषा मल्ल सिंहले सहजीकरण गर्नु भएको थियो । तालीम अवधिमा प्रश्नोत्तर सेसनमा उत्कृष्ट उत्तरदाता सहभागीलाई पुरस्कारको व्यवस्था प्रशिक्षकको तर्फवाट भएको थियो ।

संस्थाका अध्यक्ष पार्वती पौडेल रेग्मीको अध्यक्षता भएको कार्यक्रम प्रथम उपाध्यक्ष प्रतिभा गैह्रेले संचालन गरेकी गर्नुभएको थियो । कोषाध्यक्ष चन्द्रा शर्माले स्वागत मन्तव्य राख्नुभएको थियो भने निर्वतमान अध्यक्ष काशी गुरुङले शुभकामना व्यक्त गर्नु भएको थियो । कास्की जिल्लाका विभिन्न वडाहरुबाट फरक फरक क्षेत्रका ५० जना महिला उद्यमीहरु तालीममा सहभागी भएका थिए ।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Sealed Quotation

**First date of Publication: 11th April, 2021**

1. Phedikhola Rural Municipality has allocated funds towards the cost of Construction of Additional Floor of Basic Health Unit of Phedikhola Bazarand intends to apply part of the funds to cover eligible payments under the Contract for PRM-W-NCB-67-BLDG-077-78. The estimated cost of the work is NRs. 1,435,656.83 (Including overhead, VAT & PS). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjainvites electronic bids only from eligible bidders for the Construction of Additional Floor of Basic Health Unit of Phedikhola Bazarat Ward No. 02 ofPhedikhola Rural Municipality under Sealed Quotation procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidders are requested to submit their bid electronically using PPMO website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit NRs. 1000.00 in the office's AantarikRajaswaKhata(revenue) account as specified below as cost of bidding document and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
Office Account Number: 06500308CA; AantarikRajaswaKhata (revenue heading) Number: Ga 1-1
5. Sealed quotation or electronic bids must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangjathrough PPMO website www.bolpatra.gov.np/egpon or before 12:00hrs on 26-April-2021. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 hrs on 26-April-2021 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format,amounting to a minimum of NRs.36,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.



## कोठाहरू तथा फ्ल्याट भाडामा

अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरू भाडामा छ ।
स्थानः
भैरव टोल- २, पोखरा
सम्पर्कः ९८८०३०१२९३
९८८०३०१२९२



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : मानसिक तनाब |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : शारिरीक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मन चञ्चल | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क :
९८५६०२०९४९
९८०२८५८००५



## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३



Provincial Government
Ministry of Physical Infrastructure Development
**Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang**
Gandaki Province, Nepal

# Invitation for Sealed Quotation

**First Date of Publication: 11 April 2021 (2077/12/29)**

1. Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang invites following sealed quotation (SQ) for the eligible national bidders for the procurement of works of following contract.

| S.N | Contract No. | Descriptions of Works | Bid Security Amount (NRs) | Price of Bidding Documents (NRs) | Estimated Amount including VAT (NRs) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | WSWRISDO/Mustang/SQ-05/077/78 | Construction of Gabion Checkdam at Gadhakhola ,Thasang-4, Ghansha | 50,000.00 | 1,000 | 1,993,396.92 | 26 April 2021 12:00 hrs |
| 2 | WSWRISDO/Mustang/SQ-06/077/78 | Construction of RCC water tank and associated works at Mustang district hospital | 50,000.00 | 1,000 | 1,793,774.98 | 26 April 2021 12:00 hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply, Water Resource and Irrigation Development Sub Division, Mustang. Telephone 069-440393, email doi.mustang@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np/egp.

**Sub Division Chief**

# बुद्ध विशाल बजारका व्यापारिक एशोशियसनको अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

ग्रामीण पर्यटनलाई टेवा पुऱ्याउने उध्यश्यले बुद्ध विशाल बजारका व्यापारिक एशोशियसनको कार्यसमितीले कास्कीको पर्यटकीय गाँउ ताङतिङको अवलोकन भ्रमण गरेको छ।



बुद्ध विशाल बजारका व्यापारिक एशोशियसनको कार्यसमितीलाई स्वागत गर्द्रे हिमालय मिलन मा.विका प्र.अ तथा पर्यटन अभियन्ता ओम प्रकाश गुरुङले ताङतिङलाई माया गरेर यसरी व्यवसायी साथीहरु आइदिएको धन्यवाद प्रकट गरेका थिए । कार्यक्रममा वोल्दै बुद्ध विशाल बजारका व्यापारिक एशोशियसनका अध्यक्ष केशव वहादुर खत्रीले ताङतिङ गाँउमा बुद्ध विशाल बजार पोखराका व्यवसायी साथीहरुलाई होमस्टे समीती, स्थानिय आमा समुहले गरेको सम्मानलाई कहिल्यै भुल्न नसक्ने वताउदै गाँउको विकास लगाएत अन्य कार्यहरुमा बुद्ध विशाल बजार व्यापारिक एशोशियसन सहकार्य गरेर अगाडी वढन चाहेको बताए।

कार्यक्रममा बुद्ध विशाल बजारका व्यापारिक एशोशियसनका उपाध्यक्ष शिव शर्मा अवलोकन भ्रमण कार्यक्रमकी सयोजक शान्ती आचार्य लगाएतले बोलेका थिए।

# किङ कोब्रा भेटियो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ चैत**

बागलुङ नगरपालिका-७ मूलपानीमा विषालु सर्पको प्रजाति किङ कोब्रा सर्प भेटिएको छ।

स्थानीय सुदीप गौतमका घरमा उक्त सर्प भेटिएको हो। सर्प भेटिएपछि घरपरिवारले प्रहरी र डिभिजन वन कार्यालयमा खबर गरेपछि पोखराबाट 'सर्प संरक्षण समाज पोखरा'का अध्यक्ष महेन्द्र कतिलाको टोलीले आएर उक्त सर्प अन्यत्र पठाएको छ। कतिलाका अनुसार किङ कोब्रा नेपालको दुई हजार २०० मिटरसम्म पाइन्छ । शुक्रबार भेटिएको स्थान भने एक हजार ५०० मिटरको हाराहारीमा पर्छ । सुरक्षामा खटिएका प्रहरीले उक्त सर्प १२ फिट लामो र पाँच किलोग्रामको भएको बताउनुभयो । सर्प नै खाने यो सर्प केही खाएर आराम गरेका बेलामा घरभित्र पसेको हुन सक्ने उहाँले अनुमान गर्नुभयो । लामो अध्ययनका क्रममा पनि यो सर्पले जो पायो त्यसैलाई नटोकेको भेटिएकाले मार्ने वा अन्यत्र लाने नगरी गाउँ नजिकै छाडेको बताउनुभयो। प्रायः किङ कोब्राले टोक्दैमा विष लाग्छ भन्नेसमेत नभएको उहाँले बताउनुभयो । "यो सर्पले चाहेका बेला मात्र विष बमन गर्छ", उहाँले भन्नुभयो, "विष बमन गरेको खण्डमा टोकेको ३० मिनेटमै मानिसको मृत्यु हुन्छ।"

# दुई महीनादेखि पानीको हाहाकार

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

"लामो समयको खडेरीले पँधेरामा पानी सुकेको छ, दुई महीनादेखि लिफ्टिङ पानीको मेसिनसमेत बिग्रिएपछि दैनिक घरमा अत्यावश्यक पानी कसरी पुऱ्याउने भन्ने चिन्ता छ", पोखरा महानगरपालिका-३३ बरमाझथरस्थित सलिना किराना पसलका सञ्चालक नरहरी पौडेलले भन्नुभयो । लामो समयदेखिको खडेरीले यतिखेर यहाँका स्थानीयवासी पानीको चरम समस्या झेल्दै आएका छन् । स्थानीयवासीको सक्रियतामा सञ्चालनमा ल्याइएको खुर्वादी हुडिकोट लिफ्टिङमार्फत गाउँमा पानी वितरण हुँदै आएकामा दुई महीनायता मेसिनसमेत बिग्रिएपछि दैनिकी सञ्चालनमा नै समस्या आएको हो । करीब १३० घरधुरीले उपयोग गर्दै आएको लिफ्टिङ पानी सञ्चालन नहुनुका साथै वरपरका कुवा तथा पँधेरामा पनि पानी सुकेपछि एक गाग्री पानीका लागि घण्टौं कुनुपर्ने बाध्यता छ।

पिउने पानीका साथै गाईबस्तुलाई खुवाउने पानी पनि कसरी जुटाउने भन्ने चिन्ता थपिएको स्थानीयवासीले बताएका छन् । पौडेलका अनुसार खुर्वादी हुडिकोट लिफ्टिङ सञ्चालन नहुँदा आसपासका कटुजे, ओख्ले, खुर्वादी, कल्स्याङ्दीलगायतका स्थानमा पुगी यहाँका स्थानीयवासीले गाग्रीमा बोकेर पानी ल्याउने गर्दछन्। ती प्राकृतिक जलाशयमा पनि खडेरीले पानी सुक्दै गएपछि आफूहरू चरम समस्या समस्यामा परेको उहाँले बताउनुभयो।

# नयाँ विकल्प प्रस्तुत गर्ने प्रयत्नमा छौँ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, २८ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले देशमा नयाँ विकल्प प्रस्तुत गर्ने प्रयत्नमा कांग्रेस रहेको बताउनुभएको छ। गृहजिल्ला तनहुँको दमौलीमा आज पत्रकारसँग कुरा गर्दै वरिष्ठ नेता पौडेलले वर्तमान सरकारले जनभावनाअनुसार काम गर्न नसकेकाले कांग्रेसको नेतृत्वमा नयाँ सरकार गठनको पहल थालिएको बताउनुभयो । शुक्रबार मात्रै नेपाली कांग्रेसको नेतृत्वमा तीन दलबीच भएको छलफल सकारात्मक दिशामा अगाडि बढेको वरिष्ठ नेता पौडेलले जानकारी दिनुभयो। जनता समाजवादी पार्टी (जसपा) को नेतृत्वमा सरकार बनाउन कांग्रेस तयार छ ? भन्ने प्रश्नमा वरिष्ठ नेता पौडेलले त्यस विषयमा आफूले अहिल्यै नबोल्ने बताउनुभयो।

नेकपा पार्टी एक हुँदा विगतमा केन्द्र र दुई वटा प्रदेश सरकारमा अविश्वास प्रस्ताव आउँदा कांग्रेसले उक्त मौका गुमाएको बताउँदै पौडेलले भन्नुभयो, "कांग्रेसले त्यो बेला ठूलो मौका गुमायो, अब आउने मौका पनि गुमाउने हो भने टाउकामा हात राखेर बस्नुको विकल्प हुँदैन।"

वरिष्ठ नेता पौडेलले प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसकै केही नेताले चुनाव भनिरहेका सन्दर्भमा जनतालाई भोटकै लागि मात्र प्रयोग गर्न नहुने धारणा राख्नुभयो। "जनताले भोट हालेपछि त्यसको परिणाम निस्कनुपर्छ, त्यसले उपलब्धि प्राप्त गर्नुपर्छ", नेता पौडेलले भन्नुभयो, "केबल जनता भोट मात्रै हालिराख्ने मेसिन हुन् ?"

# मातृभूमिका लागि नेपाली अभियानको क्यालेण्डर बिमोचन तथा शुभकामना आदानप्रदान

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

मातृभुमिका लागि नेपाली अभियान,पोखरा-१३ले शनिबार नव वर्ष २०७७को क्यालेन्डर बिमोचन तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

मातृभुमीका लागी नेपाली अभियान, का केन्द्रिय सदस्य राम बराल, अभियानका जिल्ला संयोजक तथा केन्द्रीय सदस्य डा.सबिन्द्र राज भण्डारी, सह संयोजक सुर्यभक्त सिग्देल, महिला बिभाग संयोजक मञ्जु गौतम तिमिल्सिना वडा नं १३ का संयोजक शिबराज बराल ले सम्युक्त रुपमा क्यालेन्डर बिमोचन गरेका थिय । कार्यक्रम मा नेपाल पत्रकार महासंघ कास्कीका नवनिर्वाचित उपाध्यक्ष राम प्रसाद तिमिल्सिना र सह सचिव श्रीराम सिग्देल लाई सम्मान गरियको थियो।

कार्यक्रममा प्रमुख अतिथि अभियान का केन्द्रिय सदस्य राम बरालले यो संस्था कुनैपनि राजनैतिक पार्टीसंग आवद्ध नरहे पनि देश भित्र का जायज मुद्धा उठाउने निकाय भयको बताय । उनले मुलुकको बिकाशमा यो संस्था ले ठूलो योगदान पुर्यायको भन्दै आगामी दिनमा पनि युवा लक्षित कार्यक्रम ल्याउने दाबी गरेअभियानका कास्की जिल्ला संयोजक सबिन्द्र राज भण्डारीले नेपाल हिन्दु राज्य कायम हुनुपर्ने भन्दै हिन्दु धर्म प्रति चौतर्फी आक्रमण भयकोले यसको बिरुद्ध एक भयर लड्ने बेला आयको बताए। कार्यक्रम मा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष राम प्रसाद तिमिल्सिना, सह सचिव श्रीराम सिग्देल, अभियान का सह संयोजक सूर्यभक्त सिग्देल, जिल्ला महिला तदर्थ समिति संयोजक रक्षा भण्डारी, जिल्ला महिला संगठन बिभाग प्रमुख मञ्जु गौतम तिमिल्सिना, युवा संगठन बिभाग प्रमुख कमल सापकोटा, वडानं १२ की अध्यक्ष बिद्या अधिकारी, जिल्ला तदर्थ समिति सह संयोजक जरिना खातुन लगायत ले शुभकामना मन्तव्य राखेका थिए।

मातृभुमीका लागी नेपाली अभियान पोखरा १३का अध्यक्ष शिबराज बराल को अध्यक्षतामा भयको कार्यक्रममा सचिव बुद्धि प्रकाश बरालले कार्यक्रम सञ्चालन गरेका थिए।

# 'वर्षौंदेखिको पक्की पुलको चाहना बल्ल पूरा हुन लाग्यो'

**पोखरापत्र संवाददाता**
**दमौली, २८ चैत**

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटार र व्यास नगरपालिका-३ देउरालीनगर जोड्ने झोलुङ्गे पुलमा मोटरसाइकल चलाउँदा दुर्घटनाको जोखिम बढेपछि चार वर्ष अगाडि जिल्ला अदालतले पुलमा मोटरसाइकल चलाउन नपाउने आदेश जारी गऱ्यो।

अदालतको आदेशपछि सवारी साधन भएका स्थानीयवासी व्यास नगरपालिका-५ पाटनको बाटो हुँदै दमौली आउन थाले । अदालतको आदेशसँगै पैदलयात्रीलाई त झोलुङ्गे पुलबाट आवतजावत गर्न सहज भयो, तर सवारी साधन भएकालाई वारी आउन केही समय बढी लाग्ने अवस्था आयो। केही समय लगत्तै पुनः झोलुङ्गे पुलबाट मोटरसाइकल वारपार गर्न थालियो । अदालतको निर्णय अव्यवहारिक भएको भन्दै स्थानीयवासीबाट उक्त आदेश उल्लङ्घन भयो । झोलुङ्गे पुलबाट मोटरसाइकल वारपार गर्दा दुर्घटनाको जोखिम उत्तिकै छ । साँघुरो पुल त्यसमाथि मोटरसाइकल गुडाइदिँदा वारपार गर्ने सर्वसाधारणलाई समस्या हुँदै आएको छ। झापुटारका स्थानीयवासीको मुख्य बजार दमौली हो । झोलुङ्गे पुल तरेर पाँच मिनेटमै दमौली बजार आइपुग्छ । त्यसको विकल्पमा पाटनबाट दमौली आउन २० मिनेट भन्दा बढी लाग्छ। झापुटारबाट देउरालीनगर जोड्ने पक्की पुल नहुँदा यहाँका स्थानीयवासीलाई समस्या हुँदै आएको छ । स्थानीयवासीले वर्षौंदेखि सेतीनदीमाथि पक्की पुलको माग गर्दै आए। विगतमा धेरै सरकार बनेपनि स्थानीयवासीको माग पूरा हुन सकेन।


## निःशुल्क रोजगारउन्मुख सीपमूलक तालिम लिने सु-अवसर!!!

यूरोपियन युनियनको आर्थिक लगानी, ब्रिटिस काउन्सिलको व्यवस्थापन तथा दक्षता परियोजनाको सहयोगमा ब्रिलियण्ट मेनपावर ट्रेनिङ्ग सेन्टर **(BMTC)** बाट प्रवर्द्धित दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम **(STSE)** परियोजनाद्वारा गण्डकी प्रदेश, पोखरा, कास्कीमा यस क्षेत्रका स्थानिय सरकार, होटल, रेष्टुरेण्ट तथा पर्यटन संघ-संगठन र व्यवसायीहरु संगको समन्वय र सहकार्यमा **होटल तथा पर्यटन** क्षेत्रमा अप्रेण्टिसिप मोडलमा **निःशुल्क** सीपमूलक तालिमहरु संचालन गरिने हुँदा तालिम लिई रोजगार हुन ईच्छुक १६ देखि ४० बर्ष उमेरका बेरोजगार युवाहरुलाई **२०७७।१२।२७ सम्म** सम्पर्क गर्न यो सूचना प्रकाशित गरिएको छ।

तालिमका विषयहरु:

**कुक, वेटर, हाउसकिपिङ्ग र रिसेप्सनिष्ट/क्यासियर**

आवेदनका लागि सम्पर्क:

**दिगो रोजगारीका लागि पर्यटन क्षेत्रका तालिम परियोजना**

| | |
|---|---|
| लेकसाईड-०६, पोखरा, टुकी रिसोर्ट | ९८०३२२४८८९ |
| पृथ्वीचोक-०९, पोखरा, कास्की | ९८१३६८४४१६, ०६१५३५७३८ |
| अमरसिंचोक-१०, पोखरा, कास्की | ९८०६७२२३९९, ०६१-५३१०१७ |

Website: www.bmtc.com.np, Email: bmtc.dakchyata@gmail.com

दक्षता dakchyata TVET PRACTICAL PARTNERSHIP
EUROPEAN UNION
BRITISH COUNCIL


## Pokhara Metropolitan City
## Office of Municipal Executive
### Newroad, Pokhara

## Invitation for Re-Bids

**IFB No: 18/PMC/077-078, 22/PMC-Re/077-78, 25/PMC-Re/077-78**
**(Date of publication: 2077/12/29)**

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara** invites **online re-bids for NCB Contracts and Seal Quotations** under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 18.4/PMC-Ree/077-078 | 55/PMC-Ree/SQ/G/077-78 | Procurement and supply of Mortuary Van 4WD on custom duty free | 1,000 | 30,000.00 | 1,075,969.03 | 75 days |
| 22.1/PMC-Re/077-078 | 63/PMC-Re/SQ/W/077-78 | Deurali Tole ko Purba Mode Dekhi Paschim lamsal ko Pasalsamma Side Pitch tata ward Karyalayaagaadikheli Thau ma pitch, PMC-14 | 1,000 | 25,500.00 | 8,63,124.30 | 75 days |
| 22.2/PMC-Re/077-078 | 64/PMC-Re/NCB/W/077-78 | Shahid Smriti Park, Sarankotparyantan Purwaadhar and Sedikhel Maidan, PMC-18 | 3,000 | 75,000.00 | 26,38,876.00 | 120 days |
| 25.2/PMC-Re/077-078 | 72/PMC-Re/SQ/W/077-78 | Upgrading of Fewa Marga, PMC-7 | 1,000 | 32,000.00 | 11,03,431.19 | 75 days |
| 26.1/PMC-Re/077-078 | 73/PMC-Re/SQ/W/077-78 | Upgrading of Road at Baglung Buspark Adherikuna and Repitch works at Kopila Udhyog Bindabasene, PMC-02 | 1,000 | 43,000.00 | 17,09,185.28 | 75 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract Rebid | 18/04/2021 | 13:00 | 25/04/2021 | 17:00 | 26/04/2021 | 12:00 | 26/04/2021 | 13:00 |
| For SQ Contract Rebid | | | 25/04/2021 | 17:00 | 26/04/2021 | 12:00 | 26/04/2021 | 13:00 |
| Bank Name | | Name of Office | | Revenue Account No. | | Deposit Account No. | | |
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | | 3020100301010002 | | 3020100303000002 | | |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website **http://bolpatra.gov.np/egp,** asspecified in the Bidding data sheet for provision of E-Bidding.Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO'swebsite.

**Chief Administrative Officer**